<u>**स्वीकृत मिति:-**</u> २०८१।१०।२३

# वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड,२०८१

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेश सरकारबाट कृषि क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि मार्फत सुदुरपश्चिम प्रदेशका बासिन्दाको आर्थिक तथा सामाजिक रुपान्तरण गर्न उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "वार्षिक विकास कार्यक्रम सञ्चालन मापदण्ड ,२०८१" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "ऐन"भन्नाले सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन,२०७६ सम्झनु पर्छ ।

(ख) "कार्यालय वा कार्यान्वयन गर्ने निकाय" भन्नाले सुदूरपश्चिम प्रदेशको मन्त्रालय र मातहतका कार्यालय सम्झनु पर्छ ।

(ग) "केन्द्र" भन्नाले मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ ।

(घ) "कृषि व्यवसाय" भन्नाले कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन तथा पालन सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(च) "नियमावली" भन्नाले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले सुदूरपश्चिम प्रदेशभित्रका उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनुपर्छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## परिच्छेद-२

## कार्यक्रम सञ्चालनका मापदण्ड

### ३. प्राङ्गारिक मल उपयोगमा अनुदान कार्यक्रम

**(१) परिचय**

माटोको भौतिक, रासायनिक तथा जैविक गुणमा सुधार गरी माटोको उर्वराशक्ति बृद्धि गरेर कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न प्राङ्गारिक पदार्थको महत्वपूर्ण भूमिका हुन्छ । कृषकहरुले गाईवस्तु कम पाल्ने गरेको कारणले गर्दा खेतबारीमा गोबर मलको प्रयोग घट्दै जानु, उपलब्ध गोठेमल तथा कम्पोष्ट मल पनि गुणस्तरीय नहुनुका कारण माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम हुँदै गइ राखेको परिप्रेक्ष्यमा बजारमा उपलब्ध प्राङ्गारिक मल र मल प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहन गर्नु आवश्यक रहेको छ ।

**(२) उद्देश्य**

(क) कृषकहरुलाई प्राङ्गारिक मल प्रयोग गर्न प्रोत्साहन गर्नु ।

(ख) प्राङ्गारिक खेति पद्धति प्रवर्धन गर्दै बालीनालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु ।

**(३) लक्षित वर्गः** कृषि उद्यमी, कृषक समूह, कृषि/बहुउद्देश्यीय सहकारी सस्था, कृषि फर्म, गौशाला, प्राङ्गारिक मल उत्पादक फर्म/कम्पनी/उद्योग

**(४) प्रमुख क्रियाकलापहरु**

(क) कृषकहरुलाई प्राङ्गारिक मल सहुलियत दरमा उपलब्ध गराउने ।

**(५) अपेक्षित उपालब्धिहरु**

(क) माटोमा प्राङ्गारिक पदार्थको बृद्धि भई भौतिक, रासायनिक तथा जैविक गुणहरुमा सुधार आएको हुने ।

(ख) प्रदेश भित्र गुणस्तरीय प्राङ्गारिक मल उत्पादन गर्ने उद्योगहरुको विस्तार भएको हुने ।

(ग) उत्पादन तथा उत्पादकत्व वृद्धिमा सहयोग पुगेको हुने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** माटो तथा मल परिक्षण प्रयोगशाला, सुन्दरपुरले तोकिएको मापदण्ड अनुसारको प्राङ्गारिक मलको प्रयोगमा निम्म सिमा भित्र रही प्रति के.जी. मूल्यको अधिकतम ५० प्रतिशत वा रु. १५ मध्ये जुन कम हुन्छ सो रकम अनुदान प्राप्त गर्नेछ । प्राङ्गारिक मल पहाडमा प्रति रोपनी ८० के.जी. तथा तराईमा प्रति कठ्ठा ५० के.जी. दरले अधिकतम १ हेक्टर क्षेत्रफलका लागि दिन सकिनेछ ।

**(७) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) माटो तथा मल परिक्षण प्रयोगशाला, सुन्दरपुरले प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका २०७८ बमोजिम यस प्रदेश र प्रदेश भित्रका स्थानीय तहमा दर्ता भई प्राङ्गारिक मल उत्पादन तथा बिक्री गर्ने उद्योगहरुलाई उत्पादन गरेको मलको विवरण र बजार मुल्य तथा अन्य आवश्यक विवरण लिई सुचिकृत गर्न राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नेछ ।

(ख) सुचिकृत हुन आएका उद्योगहरुसँग प्रयोगशालाले प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालनका लागि आवश्यक शर्त राखी सम्झौता गरी सूचीकृत गर्नेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(ग) यसरी सुचिकृत गरिएको विवरण तथा जिल्लागत अनुदान बजेटको सिमा प्रयोगशालाले जिल्ला स्तरमा रहेका कृषि ज्ञान केन्द्रहरुलाई जानकारी गराउनेछ ।जिल्लालाई प्रदान गरिने बजेट सिमा प्रयोगशालाले जिल्लामा प्राङ्गारिक मलको माग तथा कृषि ज्ञान केन्द्रको सिफारिसमा थपघट गर्न सक्छ ।

(घ) कृषि ज्ञान केन्द्रले सुचिकृत उद्योगहरुको विवरण प्राप्त भइ सके पश्चात अनुदानमा प्राङ्गारिक मल प्रयोग गर्न चाहने कृषकहरुलाई आवेदन पेश गर्नका लागि निरन्तर सुचना प्रवाह गर्नेछ ।

(ङ) कृषकहरुले प्राङ्गारिक मल उपयोगमा अनुदानका लागि अनुसूची-१ बमोजिम निवेदन तथा आवश्यक कागजात सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ।

(च) कृषि ज्ञान केन्द्रले कृषकहरुबाट निवेदन प्राप्त भई सकेपछि आवश्यक कारवाही गरी प्राङ्गारिक मल अनुदानमा उपलब्ध गराउन अनुसूची-२ बमोजिमको सिफारिस सम्बन्धित उद्योगलाई पठाउनु पर्नेछ ।

(छ) कृषि ज्ञान केन्द्रले आफुले प्रदान गरेका सिफारिसहरुको विवरण अनुसूची-३ बमोजमिको ढाँचामा अद्यावधिक गरि राख्नु पर्नेछ ।

(ज) सम्बन्धित उद्योगले ज्ञान केन्द्रको सिफारिसका आधारमा कृषकलाई मल उपलब्ध गराई उक्त मितिमा कृषकको नाममा विल जारी गरी अनुसूची-४ बमोजिमको ढाँचामा भरपाई गराउनु पर्नेछ ।

(झ) यसरी उपलब्ध गराईएको मलको परिमाण बमोजिम प्रयोगशालामा अनुदान रकम माग गर्दा सम्बन्धित उद्योगले भुक्तानी निवेदनका साथै सम्बन्धित कृषि ज्ञान केन्द्रबाट अनुसूची-४ बमोजिमको प्रमाणित भरपाई र सक्कल बिल पेश गर्नुपर्नेछ ।

(ञ) प्रयोगशालाले भुक्तानीको निवेदन प्राप्त भई सकेपछि आवश्यक प्रकृया पुरा गरी सम्बन्धित उद्योगलाई बैक खाता मार्फत भुक्तानी दिनेछ ।

(ट) यस मापदण्ड बमोजिमको प्रक्रिया सञ्चालन, आवश्यक थप कागजात, गुणस्तर निर्धारण र अन्य कुनै पनि विषय सम्बन्धमा प्रयोगशालाले नियमावलीको उपसमितिको निर्णय बमोजिम हुनेछ ।

**(८) विविध :**

यस मापदण्ड बमोजिमको कार्यक्रम सञ्चालन गर्न प्रयोगशाला र कृषि ज्ञान केन्द्रहरुले स्वीकृत बजेटको परिधि भित्र रही सूचना प्रकाशन, फर्मेट छपाई लगायत कार्यका लागि खर्च गर्न सक्नेछन् । यसैगरी कार्यक्रम सञ्चालनका लागि कार्यालयमा प्राविधिक जनशक्ति अभाव भएमा प्रयोगशाला र कृषि ज्ञान केन्द्रहरुले अनुगमन,नमुना संकलन,फिल्ड भेरिफिकेशन तथा अभिलेखिकरणका लागि थप प्राविधिक जनशक्ति परिचालन गर्न सक्नेछ।

**अनुसूची-१**
**(दफा ३ को उपदफा (७) को खण्ड (ङ) सँग सम्बन्धित)**

**प्राङ्गगारिक मल उपयोगमा अनुदानका लागि निवेदनको ढाँचा (नमूना)**

मितिः

श्री कार्यालय प्रमुख ज्यू,
माटो तथा मल परिक्षण प्रयोगशाला,
सुन्दरपुर, कञ्चपुर ।

विषयः अनुदान उपलब्ध गराइदिनुहुन ।

महोदय,

तहाँ कार्यालयबाट मिति ...................... मा प्राङ्गारिक मल उपयोगमा अनुदान कार्यक्रम सम्बन्धी प्रकाशित सूचना अनुसार ………… के.जी. प्राङ्गारिक मल अनुदानमा पाउँ भनी तपसिलको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गर्दछौं/छु ।

<u>तपसिलः</u>

| | |
|---|---|
| प्राङ्गारिक मल खरिद गर्न चाहेको उद्योगको नाम | |
| मल प्रयोग गरिने बाली | |
| क्षेत्रफल (कट्ठा/रोपनी) | |
| जम्मा माग गरेको प्राङ्गारिक मलको परिमाण (के.जी.) | |

<u>**संलग्न कागजातहरु :**</u>

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२. जग्गाको लालपूर्जा वा जग्गाको क्षेत्रफल खुल्ने कागजात

<u>निवदेक</u>

नाम थरः
दस्तखतः
ठेगाना :
सम्पर्क नं :

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

**अनुसूची-२**

**(दफा ३ को उपदफा (७) को खण्ड (च) सँग सम्बन्धित)**

**प्राङ्गारिक मल उपलब्ध गराउने सम्बन्धी सिफारिसको ढाँचा (नमूना)**

मितिः

विषयः प्राङ्गारिक मल उपलब्ध गराइदिने बारे ।

श्री ……………….. ,

……………………………………।

माटो तथा मल परिक्षण प्रयोगशाला सुन्दरपुर कञ्चनपुरको प्राङ्गारिक मल उपयोगमा अनुदान कार्यक्रम बमोजिम सो प्रयोगशालाबाट प्राप्त हुने अनुदान बाहेकको रकम ………… गा.पा./न पा. वडा नं. …… का कृषक श्री ………………….. बाट लिई तपसिल बमोजिमको प्राङ्गारिक मल उपलब्ध गराई दिन सिफारिस गरिन्छ ।

**तपसिलः**

| | |
|---|---|
| प्राङ्गारिक मलको परिमाण (के. जी.) | |
| प्राङ्गारिक मलको जम्मा रकम रु | |
| कृषकले तिर्ने रकम रु | |
| अनुदान रकम रु | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## अनुसूची-३

**(दफा ३ को उपदफा (७) को खण्ड (छ) सँग सम्बन्धित)**

### प्राङ्गारिक मल उपयोगमा अनुदान प्राप्त गर्ने कृषकको विवरण

| क्र.सं. | सिफारिस पत्रको च. नं., मिति | कृषकको नाम | ठेगाना | बाली | प्राङ्गारिक मल प्रयोग गर्ने क्षेत्रफल (कट्ठा/रोपनी) | प्राङ्गारिक मलको परिमाण (के.जी.) | | कूल रकम रु. | अनुदान रकम रु | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

अनुसूची-४

(दफा ३ को उपदफा (७) को खण्ड (ज) र (झ) सँग सम्बन्धित)

प्राङ्गारिक मल उत्पादन गर्ने उद्योगले कृषकलाई प्राङ्गगारिक मल उपलब्ध गराएको भरपाई

| क्र.सं. | सिफारिस पत्रको च. नं., मिति | कृषकको नाम | ठेगाना | बिल नं. | प्राङ्गारिक मलको परिमाण (के.जी.) | कूल रकम रु. | अनुदान रकम रु | कृषकबाट प्राप्त रकम रु | कृषकको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## ४. साझेदारीमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन

**(१) परिचय**

कृषि क्षेत्रमा आधुनिकिकरण, व्यवसायिकरण तथा यान्त्रिकरण गर्न, व्यवसायिक कृषि कार्यमा लागेर स्वरोजगार सृजना गरी राखेका कृषकहरुलाई उद्यमी बन्नका लागि थप हौसला प्रदान गर्न, कृषकहरुको आयआर्जन वृद्धि गर्न र सञ्चालन गरिने कार्यक्रमको दोहोरोपना कम गर्न प्रदेश सरकार तथा विभिन्न सरकारी र गैरसरकारी साझेदारहरुको संयुक्त प्रयास अतिनै आवश्यक रहेको हुनाले साझेदारीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ ।

**(२) उद्देश्य**

(क) व्यवसायिक कृषि फर्महरु प्रवर्द्धन गर्नु ।

(ख) कृषि पुर्वाधार विकास तथा यान्त्रिकरण प्रवर्धन गर्नु

(ग) कार्यक्रमको पारदर्शिता र प्रभावकारीता बढाउनु ।

(घ) लक्षित वर्गहरुको माग सम्बोधन गर्नु

**(३) लक्षित वर्ग :** प्रदेश भित्र रहेका स्थानीय तह, कृषक, समुह, सहकारी, फर्म/कम्पनी/प्रशोधन उद्योग ।

**(४) प्रमुख सम्भावित साझेदारहरु:** स्थानीय तह, गैर सरकारी संस्थाहरु, कृषक समुह तथा सहकारीहरु, विभिन्न क्षेत्र/पेशा/क्षमता/वर्ग सँग सम्बन्धित संस्थाहरु, उद्योग तथा मिलहरु

**(५) अनुदान प्रतिशत र अधिकतम सीमाः** अनुदान प्रतिशतको हकमा नियमावली बमोजिम र अधिकतम सिमाको हकमा निम्न बमोजिम हुनेछ :

जम्मा लागतको मन्त्रालय/कार्यालयले ५० प्रतिशत र अन्य साझेदार संस्था र कृषकले ५० प्रतिशत लगानी ब्यहोर्ने गरी तथा कार्यक्रम बजेटमा उल्लेख भए बमोजिम रकममा नबढ्ने गरि अनुदान उपलब्ध गराउने ।

**(६) कार्यक्रम सञ्चालन प्रक्रियाः** कार्यालयले कार्यक्रम कार्यान्वयन गर्दा नियमावली बमोजिम सुचना प्रकाशन गरि साझेदार छनौट गर्नेछ। त्यस पश्चात कार्यक्रमको लागत अनुमान तैयार गरि कार्यक्रम सञ्चालनका शर्त तथा सञ्चालन प्रक्रिया सम्बन्धि विस्तृत रुपमा उल्लेख गरि कार्यालयले साझेदार सँग सम्झौता गरि प्रचलित कानुन बमोजिम खरिद वा निर्माण कार्य गरि गराई सञ्चालनका लागि हस्तान्तरण गरिनेछ । साझेदारको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि आवश्यकता अनुसार सम्झौता गर्नु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) कार्यालयले माग गर्न सक्नेछ ।

## ५. अपांगता भएका लघु उद्यमी कृषक कार्यक्रम

**(१) परिचयः** प्रदेशमा रहेका फरक क्षमता तथा विभिन्न प्रकारको अपांगता भएका कृषकहरुलाई कृषि उत्पादन, प्रशोधन तथा बजारिकरण ब्यवसायमा आवद्ध गर्दै उद्यमशिलताको विकास मार्फत तिनको जिविकोपार्जन तथा आयआर्जनमा सहयोग गर्न स्थान अनुसारको प्राविधिक सम्भाव्यतामा आधारित रही उद्यमीको मागमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

**(२) लक्षित वर्ग** : प्रचलित कानुन बमोजिम परिचयपत्र पाएका अपाङ्गता भएका व्यक्तिहरु यस कार्यक्रमका लागि अन्तिम लाभग्राही हुनेछन् ।

**(३) प्राविधिक पक्षः**

(क) कार्यक्रम सञ्चालनका लागि कार्यालयले अपांगता भएका व्यक्तिहरुको हकहित तथा विकासका लागि कार्य गरिरहेका संस्थाहरुसँग प्रस्ताव माग गर्नका लागि सूचना प्रकाशन गर्नेछ ।

(ख) पेश भएका प्रस्तावहरुको मुल्याङ्कन तथा छनौट गरी कार्यालयले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक शर्त र जिम्मेवारिहरु तोकेर द्विपक्षिय सम्झौता गर्नेछ ।

(ग) यसरी सम्झौता गर्दा अपाङ्गगता परिचयपत्र तथा अपाङ्गगताको गम्भीरताका आधारमा प्राथमिकिकरण गरी बढी अपाङ्गगता भएका र दुर्गम क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुलाई प्राथमिकता हुनेगरी गरिनेछ ।

(घ) यस कार्यक्रम अन्तर्गत कृषि, कृषि वन, पशुपन्छी तथा मत्स्यको उत्पादन, प्रशोधन तथा बजारिकरणमा आधारित उद्यम सञ्चालनका लागि चालु र पुँजिगत सहयोग गरिनेछ ।

**(४) आर्थिक पक्षः** स्विकृत बजेटको परिधि भित्र रही लागत अनुमान बमोजिम प्रति कृषक बढीमा रु. १ लाख सम्म ।

**(५) मुल्याङ्कनका आधारहरुः** सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली, २०७९ अनुसारको उपसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ६. युवा लक्षित कार्यक्रम

**(१) परिचय**

युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न र उनीहरुलाई ब्यवसायिक कृषि मार्फत पनि स्वरोजगार श्रृजना गरी पारिवारिक सम्बृद्धि ल्याउन सकिन्छ भन्ने विश्वास दिलाउन यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्य**

(क) युवालाई कृषि पेशामा आकर्षित गर्नु ।

(ख) कृषि पेशा शुरु गरेका युवाहरुलाई ब्यवासायिक कृषि गर्न प्रोत्साहन गर्नु ।

(ग) कृषिमा युवाहरुका लागि स्वरोजगार श्रृजना गर्नु ।

**(३) लक्षित वर्ग :** युवा कृषकहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः यस कार्यक्रम अन्तर्गत देहायका** क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

(क) तरकारी खेती

(ख) च्याउ उत्पादन

(ग) मौरी पालन

(घ) फलफूल खेती

**(५) अपेक्षित उपलब्धिहरुः** युवाहरुद्धारा व्यवसायक रुपमा तरकारी खेती च्याउ उत्पादन मौरी पालन र फुलफूल खेती गरेका हुनेछन् ।

**(६) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) दुर्गम क्षेत्रका युवाहरुलाई प्राथमिकता दिइनेछ ।

(ख) साना स्तरमा कृषि कार्यमा संलग्न युवालाई व्यवसायिक कृषिका लागि प्रोत्साहन गरिनेछ ।

(ग) लाभग्राही व्यवसायिक रुपमा कृषि कार्य गरिरहेको हुनु पर्नेछ ।

**(७) आर्थिक पक्षः**

(क) विपन्न वर्ग तथा समुदायका युवाहरुलाई लागत अनुमानको ७५ प्रतिशत वा रु ५० हजार मध्ये जुन कम हुन्छ ।

(ख) अन्य वर्गका युवाहरुलाई लागत अनुमानको ५० प्रतिशत वा रु ४० हजार मध्य जुन कम हुन्छ ।



भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## ७. कृषि/भेटेरीनरी अध्ययन गरेका युवा परिचालन

**(१) परिचय**

नयाँ नयाँ कृषि तथा भेटेरीनरी शिक्षण संस्थाहरुको स्थापना भएसँगै वार्षिक रुपमा कृषि तथा पशुपन्छी अध्ययन गरेका विद्यार्थी उत्तीर्ण हुने गरेका छन् । गरिब, विपन्न परिवारका विद्यार्थीहरुका लागि उच्च शिक्षा हाँसिल गर्नका लागि लगानीको अभाव हुने, उत्तीर्ण भए लगत्तै रोजगारीको पहुँच नहुने र कृषि बाहेक अन्य व्यवसाय/शिक्षा तिर आकर्षण बढी रहेको देखिन्छ । उक्त विद्यार्थीहरुलाई केही सहुलियत तथा सहयोग प्राप्त भएमा नविनतम प्रविधि अपनाएर कृषि प्रसार गर्नका साथै व्यवसायिकता समेत विकास हुन सक्ने सम्भावना छ । तसर्थ, कृषि तथा भेटेरीनरी अध्ययन गरेका विद्यार्थीलाई कृषि पेशामा संलग्न गराउन र रोजगारीका अवसर सिर्जना गर्न आवश्यक छ ।

**(२) उद्देश्य**

(क) कृषि तथा भेटेरीनरी अध्ययन गरेका बेरोजगार विद्यार्थीलाई कृषि पेशामा संलग्न गराई व्यवसायिकताको विकास गर्न ।

(ख) कृषि तथा भेटेरीनरी अध्ययन गरेका विद्यार्थी मार्फत कृषि सिकाई केन्द्रको प्रवर्द्धन गर्न ।

**(३) लक्षित वर्गः** कृषि वा भेटेरीनरी अध्ययन गरेका बेरोजगार युवा

**(४) प्रमुख क्रियाकलापहरु**

(क) प्लाष्टिक टनेलभित्र व्यवसायिक तरकारी खेती

(ख) खुला जमिनमा तरकारी खेती

(ग) फलफूल बगैचा स्थापना

(घ) नविनतम प्रविधि सहितको व्यवसायिक खाद्यान्न/तरकारी/फलफूल/मसला/पुष्प खेती

(ङ) मौरीपालन

(च) च्याउ खेती

(छ) व्यवसायिक बाख्रा/बंगुर/गाई/भैसँ/ स्थानीय कुखुरा पालन

(ज) पशुपन्छीपालनका लागि मोडल गोठ/खोर स्थापना

**(५) अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यालयले उत्पादन सामग्री (बीउ/बेर्ना/नश्ल, मल, विषादी), संरचनाहरु (टनेल/पोल/ट्रेलिस व्यवस्थापन/अन्य), सिंचाई सामग्री लगायत अन्य प्रविधिहरुका लागि दिइने सहयोग नियमावली बमोजिम हुनेछ ।

**(६) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) आवेदक बेरोजगार युवाको न्यूनतम शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए (कृषि विज्ञान वा पशु विज्ञान वा पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि/पशुपालन/पशु स्वास्थ्य विषय लिई टि.एस.एल.सी. उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(ख) विपन्न वर्ग तथा समुदायका युवाहरुलाई प्राथमिकता दिइनेछ ।

(ग) कृषि तथा पशुपन्छीपालनमा संलग्न युवाहरुलाई प्राथमिकता दिइनेछ ।

## ८. शीत भण्डारमा राखेको कृषि उपजको भण्डारण शुल्कमा अनुदान

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

१) **परिचयः** सिजनमा अधिक उत्पादन भएर कृषि उपज खेर जाने र न्युन बजार मुल्य पाउने तथा बेमौसमि समयमा सोहि उपजको बजार मुल्य आकाशिने अवस्था सुदुरपश्चिम प्रदेशमा समय समयमा देखिदै आएको छ ।

२) **उद्देश्य** :

(क) कृषकलाई शित भण्डारको प्रयोग गरि कृषि उपजको सुरक्षित भण्डारण गर्न प्रोत्साहन गर्ने

(ख) बजार मुल्य सन्तुलन गर्ने

(ग) कृषि उपजको उत्पादन उपरान्तको क्षति न्युनिकरण गर्ने

३) **लाभान्वित वर्ग** : कृषक, समुह, सहकारी, फर्म

४) **अनुदान प्रतिशत र अधिकतम सीमा** :

सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली २०७९ बमोजिमको उपसमितिले निर्णय गरि जिल्ला अनुसारको प्रचलित शित भण्डारमा लाग्ने भण्डारण शुल्कमा अधिकतम ८० प्रतिशत सम्म अनुदान प्रदान गर्न सक्नेछ ।

५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय** :

(क) यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषकले सम्बन्धित कार्यालयमा आफुले भण्डारण गर्ने उपजको विवरण सम्बन्धी जानकारी खुलाई अनुदानका लागि आवेदन दिए पश्चात कार्यालयले बार्षिक बजेटको परिधि भित्र रहि कृषकलाई अनुदान प्रदान गर्ने विषयमा जानकारी गराउनु पर्नेछ ।

(ख) कृषकले आफुलाई पायक पर्ने शित भण्डारमा आफ्नो कृषि उपज भण्डारण गरी अनुदान रकम माग गर्न सक्नेछन् ।

## ९. <u>किसान सूचीकरण कार्यक्रम कार्यान्वयन सहयोग</u>

**(१) परिचयः**

किसान सूचीकरण कार्यलाई थप प्रभावकारी तथा व्यवस्थित गर्ने उदेश्यका साथ स्थानीय तहहरुमा भै रहेको किसान सूचीकरण कार्यक्रमलाइ थप टेवा पुराउने उद्देश्यका साथ किसान सूचीकरण कार्यक्रम कार्यान्वयन सहयोग कार्यक्रम संङ्घीय सरकारको सहयोगमा स्थानीय तह मार्फत सञ्चालनमा रहेको छ । केही स्थानीय तहहरुमा संघीय सशर्त बजेट न्यून हुदा समयमै किसान सूचीकरण कार्यक्रम संपन्न गर्न नसकिने हुदा स्थानीय तहलाई किसन सूचीकरणमा थप सहयोग गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्य** : किसान सूचीकरण कार्यलाई छिटो तथा प्रभावकारी बनाउन सङ्घ तथा स्थानीय तहलाई सहयोग गर्न

**(३) लक्षित वर्ग** : स्थानीय तह, किसान सूचीकरण कार्यका लागि नियुक्त भएका गणकहरु

**(४) प्रमुख क्रियाकलापहरु**

(क) गणकहरुलाई पारिश्रमिक र संचार सुविधा

(ख) नयाँ नियुक्त गणकहरुका लागि अभिमुखिकरण तथा त्रैमासिक प्रगति समिक्षा बैठक

(ग) किसान सूचीकरण कार्यक्रमको अनुगमन तथा रिपोर्टिङ्ग

(घ) किसान सूचीकरण कार्यको रिपोर्टिङ्गका लागि ल्यापटप खरिद

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) स्थानीय तहहरुले सङ्घीय सरकारबाट प्राप्त सशर्त बजेटबाट गणकहरुलाई प्रदान गर्ने सेवा सुविधा अपुग भएको प्रमाण पेश गरी थप बजेट आवश्यकताका लागि कृषि ज्ञान केन्द्रमा लिखित जानकारी गराउनु पर्नेछ ।

(ख) गणकहरुले भरेको आवेदनहरुको परिमाणका आधारमा सम्बन्धित स्थानीय तहको सिफारिसमा गणकहरुलाई पारिश्रमिक र संचार सुविधा भुक्तानी दिइनेछ ।

(ग) सङ्घीय कार्यविधि बमोजिमको पारिश्रमिक र संचार सुविधा अधिकतम मासिक रु १००० प्रति गणक उपलब्ध गराउन सकिनेछ ।

## १०. खेतीयोग्य बाझो जमिनमा युवा लक्षित करार खेती कार्यक्रम

**(१) परिचय**

सुदूरपश्चिम प्रदेशमा बसाई सराई, रोजगारीका लागि युवाहरुको विदेश पलायन तथा कृषि कामदारको कमीका कारण खेती योग्य जमिन बाँझो राख्ने प्रवृत्ति बढी रहेको छ । खाद्यान्नमा आत्मनिर्भर हुन खेतीयोग्य जमिनमा खेती गर्न प्रोत्साहन गरेर उत्पादन गर्नका लागि नेपाल सरकारले बोझो जमिनमा खेति गर्न प्रोत्साहन गर्ने नीति अनुरुप वर्षैदेखि बाँझो रहेका खेतीयोग्य जमिन भाडामा लिएर खेती गर्न चाहने युवा कृषक, समूह, सहकारीलाई प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**(२) उद्देश्य**

(क) खेतीयोग्य बाँझो जमिनमा खेती गरेर कृषि बाली वस्तुको उत्पादन वृद्धि गर्नु ।

(ख) विपन्न वर्गका तथा पिछडिएका समुदायका युवाहरुलाई बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरेर उनीहरुको आम्दानी बृद्धि गर्नु ।

(ग) खाद्य तथा पोषण सुरक्षामा सहयोग पुऱ्याउनु ।

**(३) लक्षित वर्ग :** विपन्न वर्गका युवा कृषक, कृषि समुह, सहकारी

**(४) प्रमुख क्रियाकलापहरुः**

(क) खेतीयोग्य बाँझो जमिनमा खेती गर्न जमिनको भाडामा अनुदान

(ख) व्यवसायिक तरकारी/फलफूल/आलु/मसला बाली/खाद्यन्न बाली/दलहन बाली/घाँस खेती/उच्च मूल्य बाली खेती

**(५) अनुदान प्रतिशत र अधिकतम सीमाः**

| विवरण | लक्षित वर्ग | अनुदान रकम |
|---|---|---|
| जग्गा भाडामा अनुदान | विपन्न समुदाय वा वर्गका युवा कृषक | जग्गा धनीसंग गरीएको सम्झौता रकमको १०० प्रतिशत |
| | कृषि समूह, सहकारी | जग्गाधनी संग गरीएको सम्झौता रकमको ८५ प्रतिशत |
| | कृषि फर्म | जग्गा धनी संग गरीएको सम्झौता रकमको ५० प्रतिशत |
| व्यवसायिक तरकारी/फलफूल/आलु/मसला बाली/खाद्यन्न बाली/दलहन बाली/उच्च मूल्य बाली खेती | युवा कृषक, समुह, सहकारी | नियमावली अनुसार |

**(६) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) प्रति परिवार तराईमा ५ कठ्ठा भन्दा कम र पहाडमा ३ रोपनी भन्दा कम जग्गा भएको युवालाई विपन्न युवा मानिनेछ ।

(ख) भूमीहिनका हकमा वडा कार्यालयको सिफारिस पत्रस पेश गर्नु पर्नेछ ।

(ग) जमिन भाडामा लिएको जमिनको जग्गा धनी पुर्जा र नोटरी सहितको सम्झौता पत्रको प्रतिलिपि सम्बन्धित कार्यालयमा पेश गर्नु

(घ) यस कार्यक्रम अन्तरगत तराईमा बढीमा ५ विघा र पहाडमा ५० रोपनी जमिनको भाडामा अनुदान दिन सकिने ।

## ११. Large Plot Demonstration सञ्चालन/नविनतम प्रविधि प्रदर्शन कार्यक्रम

**(१) परिचय**

उन्नत कृषि प्रविधि कृषकहरु समक्ष पुऱ्याउन, उन्नत कृषि प्रविधिलाई सबैले प्रत्यक्षरुपमा देख्न सक्ने गरी प्रविधि प्रदर्शन गर्न र कृषि क्षेत्रको व्यवसायिकरणलाई प्रोत्साहीत गर्नका लागि यस प्रदेशका सबै जिल्लामा विभिन्न बालीहरुको Large Plot Demonstration/नविनतम प्रविधि सञ्चालन गर्न आवश्य छ ।

**(२) उद्देश्य**

(क) उन्नत कृषि प्रविधिलाई बृहत रुपमा प्रदर्शन गर्नु ।

(ख) उन्नत तथा उपयुक्त कृषि प्रविधिलाई कृषक समक्ष पुऱ्याउनु ।

(ग) कृषि क्षेत्रको व्यवसायिकरणलाई प्रोत्साहन गर्नु ।

(घ) कृषि प्रविधिको पहुँच नपुगेका वा कम पुगेका समुदायमा कृषि प्रविधि पऱ्याउने ।

**(३) प्रमुख क्रियाकलापहरुः** तपशिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गरीनेछन् ।

(क) प्रदर्शन सञ्चालन गरीने उपयुक्त जमिन छनौट

(ख) बालीको Package of Practice अनुसार प्रदर्शन सञ्चालन

(ग) कृषकहरु र सरोकारबालाहरुलाई प्रदर्शन स्थल अवलोकन गराउने

(घ) कार्यक्रम सञ्चालन देखि उत्पादन सम्म तथ्याँक संकलन गर्ने

(ङ) उपलब्धी बारे जानकारी गराउने

**(४) अनुदान प्रतिशत र अधिकतम सीमा :**

कार्यालयबाट सञ्चालन हुने प्रविधि प्रदर्शन कार्यहरु पूर्ण रुपमा सरकारी लगानीमा सञ्चालन हुनेछन् । कार्यक्रमका लागि स्वीकृत बजेट सीमाभित्र रही बाली अवधीभरी आवश्यक सामग्रीहरु तथा प्रविधिहरुको लागत अनुमान कार्यालय प्रमुखले स्वीकृत गर्नु पर्नेछ ।

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) कार्यालयले उपयुक्त स्थानमा प्रदर्शनी स्थल छनौट गर्नु पर्नेछ ।

(ख) बालीको Package of Practice अनुसार प्रदर्शन सञ्चालन गर्नु पर्नेछ ।

(ग) कार्यालयले उपलब्ध गराउने उत्पादन सामग्रीहरु तथा प्रविधि बाहेकका कृषि कर्महरु लाभग्राही स्वयमले वेहोर्नु पर्नेछ ।

## १२. कृषि उपज उत्पादन स्थलदेखि बजारसम्म ढुवानी सहयोग

**(१) परिचय :**

कृषि उत्पादन स्थल छरिएर रहनुका साथै कृषि उत्पादन सिजनल हुने र छोटो अवधिसम्म मात्र भण्डारण गर्न सकिने हुन्छन् । बढी उत्पादन हुने सिजनमा कृषि उपजहरु स्थानिय बजारमा खपत हुन नसकी बजारीकरण हुन नसक्दा कृषकहरुले गरेको मिहेनत खेर जाने अवस्था रहेको छ।

(२) **उद्देश्य :**

सिजनमा चाँडो नास हुने कृषि तथा पशुजन्य उपजहरुको बजार स्थलसम्म बजारीकरण गर्न ढुवानी सहयोग गर्ने

(३) **लाभान्वित वर्ग** : कृषि उपज बजारीकरण गर्न ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारी

(४) **क्रियाकलापहरु :**

यस कार्यक्रम अन्तर्गत देहाय अनुसारको बाली/वस्तुको आकस्मिक ढुवानी गरिनेछ ।

(क) चाडो नासवान हुने वस्तुहरु तरकारी, आलु, फलफूल (स्याउ, सुन्तला, मौसमी)

(५) **अनुदानको प्रतिशत र अधितम सीमा :**

प्रचलित जिल्ला दररेट अनुसार १०० प्रतिशत ढुवानी अनुदान रकम उपलब्ध गराइनेछ ।

(६) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) बढी उत्पादन भई स्थानिय बजारमा विक्री गर्नमा कठिनाई भएकोले ढुवानीको सिफारिस स्थानिय तहले कार्यालयलाई जानकारी गर्नुपर्नेछ ।

(ख) कृषि उपज बजारीकरण गर्न ईच्छुक कृषि व्यवसायी, उद्यमी, फर्म, सहकारीले आफूले ढुवानी गर्ने वस्तुको परिमाण, प्रमुख बजारका व्यापारीसँगको खरिद सम्झौता लगायत आवश्यक कागजात कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ग) यस कार्यक्रम अन्तरगत लोड पुग्न कम्तीमा ढुवानी गरिने परिमाण तरकारी, आलु र फलफूलको हकमा **२ टन** उत्पादन हुनु पर्नेछ ।

(घ) जिल्लाको दुर्गम क्षेत्रहरुको उत्पादन लाई पहिलो प्राथमिकता दिनेछ ।

(ङ) ढुवानीमा लागत साझेदारी गर्ने स्थानिय तहको उत्पादनलाई प्राथमिकता दिन सकिनेछ।

## १३. <u>माग/प्रस्तावनामा आधारित कृषि कार्यक्रम</u>

(१) **परिचय :**

वार्षिक विकास कार्यक्रम तर्जुमाका क्रममा कृषि प्रसारका विभिन्न कार्यक्रमहरु छुट हुन गएका हुन्छन् । सोही विषयलाई मध्यनजर गरी कृषकको माग/प्रस्तावनामा आधारित कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) **उद्देश्य :**

कृषकको आवश्यकता बमोजिम कार्यक्रम सञ्चालन गरी आय आर्जनमा सहयोग गर्नु

(३) **लाभान्वित वर्ग** : कृषक

(४) **अनुदानको प्रतिशत र अधितम सीमा :**

सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ अनुसार बढीमा ५० हजारसम्म

## १४. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि साझेदारी कार्यक्रम

(१) **परिचय**

सहकारी संघ सस्थाहरुका पदाधिकारीहरु र कर्मचारीहरुलाई सहकारी सस्था सञ्चालन तथा ब्यवस्थापन सम्बन्धि क्षमता अभिबृद्धि गर्न अति नै आवश्यक देखिएकोछ । सहकारी कर्मीहरुको क्षमता अभिबृद्धिका साथै सचेतना कार्यक्रमहरु सञ्चालन गर्नका लागि जिल्ला तथा प्रदेश स्तरीय सहकारी संस्थाहरुको समेत महत्वपूर्ण भूमिका रहने भएका कारण सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन कार्यमा लागेका सरोकारवालाहरुको लागत साझेदारीमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

(२) **उद्देश्य**

(क) सहकारी संघ सस्थाका पदाधिकारीहरु र कर्मचारीको क्षमता अभिबृद्धि गर्नु ।

(ख) सहकारी अवधारणा मूल्य मान्यता सिद्धान्त र देश विकासमा सहकारीको महत्वका बारेमा सचेतना जगाउनु।

(३) **लक्षित समुहः** सहकारी संघ सस्थाहरु ।

(४) **प्रमुख क्रियाकलापहरुः** सहकारी सम्बन्धि तालिम तथा गोष्ठी सञ्चालन गर्नु

(५) **अपेक्षित उपलब्धिहरुः** सहकारी संघ तथा सस्थाका पदाधिकारीहरु र कर्मचारीहरुको सहकारी व्यवस्थापन तथा लेखापालन सम्बन्धि क्षमता विकास भएको हुने ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** तालिम तथा गोष्ठी सञ्चालनका लागि लागत इष्टिमेटको २५ प्रतिशत साझेदार संस्थाले ब्यहोर्ने र बाँकी रकम सम्बन्धित कार्यालयले ब्यहोर्ने ।

(७) **न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः** जिल्लास्तरीय र प्रदेश स्तरीय सहकारी संघलाई साझेदार सस्थाको रुपमा कार्यक्रममा समाबेश गरिनेछ ।

## १५. <u>दुग्ध मूल्य श्रृखला सुधार गर्न सापलिङ् (SAPLING) कार्यक्रम</u>

(१) **परिचय**

सुदूरपश्चिम प्रदेश भित्र दुध उत्पादन क्षेत्रमा दुग्ध सहकारी संस्था र स्थानीय तहको सहकार्यमा व्यवसाय उन्मुख भैसी पालक कृषकहरूको प्राविधिक सहायता र जीविकोपार्जन सुधारका लागि दुग्ध मूल्य श्रृखला सुधार गर्न ( Sustainable Animal Productivity for Livelihoods, Nutrition, and Gender Inclusion (सापलिङ्, SAPLING) initiative कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **कार्यक्रमको उद्देश्यः**

(१) पशुपालनद्वारा जिविकोपार्जन तथा पोषण सुधार र लैंगिक समावेशिता वढाउने,

(२) भैसीपालनको उत्पादकत्व दिगो बृद्धि र जातीय सुधार गर्ने,

(३) भैसीपालक कृषकहरुलाई जलवायु परिवर्तन उत्थानशिलता विकास गर्ने,

(४) दुध मुल्यऋृखलालाई एकिकृत दृष्टिकोणले व्यवसायिक रुपान्तरण गर्ने

(३) **लक्षित समूहः** कैलाली र कन्चनपुर जिल्ला

(४) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) सुदूरपश्चिम प्रदेश सरकारले कृषि तथा पशुपक्षी विकास मन्त्रालय, कृषि विश्वविधालय वा नेपाल कृषि अनुसन्धान परिषद वा अन्तराष्ट्रिय पशुपालन अनुसन्धान प्रतिष्ठान (ILRI) जस्ता संम्भावित सस्थाहरुलाइ प्राविधिक साझेदार वा श्रोत संस्थाको रुपमा सहकार्य गर्नेछ ।

(ख) कार्यालयले सापलिङ् (SAPLING) कार्यक्रममा सहभागिताका लागि जिल्लाका भैसीपालन पकेट क्षेत्रमा दुग्ध उत्पादक सहकारी संस्थासँग प्रस्ताव माग गरि स्थानिय तह, पशु सेवा शाखा र अन्य साझेदारहरू संग सहकार्य गर्नेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(ग) प्राविधिक साझेदार वा श्रोत संस्थाले पशु सेवा शाखाका पशु चिकित्सकहरु, प्राविधिकहरु र पशुपालक प्रवर्धकहरुलाई क्षमता अभिबृद्धि तालिम, अन्य क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन र प्राविधिक सल्लाकारको रुपमा कार्य गर्नेछन्।

(घ) कार्यक्रम छनौट भएका स्थानिय तहमा एकिकृत प्याकेज वा मोडेलका रुपमा कम्तीमा ३ वर्ष सम्म कार्यान्वयन गरिनेछ।

(ङ) सम्वन्धित स्थानिय तहमा निजिरूपमा सेवा प्रवाह गर्ने पशु स्वास्थ्य/ सेवा प्राविधिक युवालाई सहकारी संस्था मार्फत छनौट गरी स्रोत संस्थाद्धारा ग्रामिण पशुपालन प्रवर्द्धक(Village Livestock Promoter, VLP )को रुपमा तालिम दिईनेछ। ग्रामिण पशुपालन प्रवर्द्धक (VLP) ले निम्नुसारका सेवा प्रदान गर्नुपर्नेछ।

(१) कृत्रिम गर्भाधान

(२) स्थानिय भेटेरिनरीयनहरुलाई पशु प्रजनन व्यवस्थापनमा सहयोग गर्ने

(३) कृषकलाई सल्लाह र सहयोग गर्ने (सन्तुलित आहारा तयारी, व्यवस्थापन )परालको गुणस्तर वृद्धि गर्ने तरिका, घाँस खेती ,साईलेज बनाउँन, र दाना सप्लायर्सहरुसँग जोड्ने ।

(च) उल्लेखित कार्यहरुको अतिरिक्त ग्रामिण पशुपालन प्रवर्द्धक (VLP) ले उत्कृट पशुको आनुवांशिक छनौटका लागि तथ्याङ्क संकलन र रेकडिङ्ग गर्नका लागि श्रोत संस्थाहरूःराष्ट्यि पशु प्रजनन कार्यालय, ILRI, SAPLING को एसिया अफ्रिका डेरी जेनेटिक गेन प्लाटफर्म, AADGGP मा रेकर्ड गर्नेछन र यसको खर्च सम्बन्धित निकायले ब्यहोर्ने छ ।

(छ) ग्रामिण पशु प्रवर्द्धकलाई विभिन्न तालिमहरु स्रोत संस्था मार्फत दिइनेछः पशु प्रजनन तथा कृत्रिम गर्भाधान, आहारा सुधार र एप्स मार्फत दाना सन्तुलन गर्ने, घाँस खेती, साईलेज बनाउने, दाना सम्बन्धि व्यापार, पशुको आनुवांशिकी सुधार, तथ्याङ्क संकलन र मुल्यश्रृंखला बजारीकरण सहजीकरण कार्य सञ्चालन हुनेछ ।

(ज) पशुको आहारा सुधारको लागि पशु सेवा प्रवर्द्धक मार्फत कृषकहरूलाई कार्यालयवाट सहकारी संस्थासँगको सहकार्यमा दानाको शुक्ष्म पौष्टिक तत्वहरू( मिनेरल, भिटामिन) उपलव्ध गराउनु पर्नेछ।

(झ) ग्रामिण पशु सेवा प्रवद्धकले माग बमोजिम घाँसको बिउ सिफारिस, कृषकलाई विभिन्न तालिम र निशुल्क प्राविधिक परामर्शहरु प्रदान गर्नुपर्ने छ।

(ञ) भैसीमा बाँझोपन समस्या न्युनिकरण गर्न यसका कारणहरु निदान गरी बाँझोपन निवारण शिविर सञ्चालन गर्नेछन्।

(ट) श्रोत संस्थाले कार्यालयवाट तोकिएको पशु चिकित्सक, स्थानिय तहका पशु चिकित्सक, प्राविधिकहरु र दुग्ध उत्पादक सहकारीमा कार्यरत ग्रामिण पशु सेवा प्रवद्धकहरुलाई भैसीको प्रजनन व्यवस्थापन, पशु पोषण, जैविक सुरक्षा र पशु स्वास्थ्य एवम् स्वच्छता सम्बन्धी पुनर्ताजगी तालिमको व्यवस्थापन गर्नेछ ।

(ठ) तालिम प्राप्त गरीसकेपछि प्रजनन सुधार टोलीको गठन हुनेछ र प्रत्येक टोलीमा एक जना भेटेरिनरीयन, एक जना प्राविधिक र डाटा अभिलेखीकरणको लागि एक जना ग्रामिण पशु सेवा प्रवद्धक रहने छन्।सोही टोलीले कार्यक्रम सञ्चालन क्षेत्रमा प्रजनन सुधार शिविर सञ्चालन गर्ने छन् ।

(ड) कार्यक्रम सञ्चालनका लागि छनौट भई सम्झौता भएका दुग्ध उत्पादक सहकारीहरूले आफ्नो कार्य क्षेत्र अन्तर्गतमा हरेक चार महिनाको अन्तरालमा बर्षको तीन पटक प्रजनन सुधार शिविर सञ्चालन गर्नुपर्नेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

(ढ) दुधालु पशु प्रजनन सुधार शिविरमा ल्याइएका पशुहरुमा जुका नाम्ले बिरुद्धको औषधि, मिनिरल मिक्चर, लिभर टोनिक्स र भीटामिन जस्ता औषधिहरु र आवश्यक परेमा हर्मोन उपचार समेत निशुल्क गरिनेछ । कार्यालयले शिविर सञ्चालनको लागि वार्षिक बिनियोजित बजेटवाट खर्च गर्नुपर्नेछ ।

(ण) कार्यालयले एउटा सहकारी संस्था संगको सनपलिङ् कार्यक्रम कार्यान्वयनका लागि बार्षिक अधिकतम दश लाख रुपैंया मात्र खर्च हुनेछ ।खर्चको तपशील अनुसारका शिर्षकमा हुनेछ ।

| क्र. श. | बिवरण | बजेट रु. लाखमा | योगदानकर्ता |
|---|---|---|---|
| १ | स्रोत सस्थाद्धारा VLP को क्षमता अभिबृद्धि ४ मोडयुल पहिलो वर्षमात्र | १.८० | सापलिङ्, ILRI |
| २ | स्रोत संस्थाद्धारा प्राविधिक सहायता | १.०० | ILRI |
| ३ | वाँझोपन तथा प्रजनन शिविरका लागि औषधि खरिद | २.०० | कार्यालय |
| ४ | पशु सेवा प्रवद्धकलाई भत्ता रू. १०००० प्रति महिना | .६० | |
| ५ | पशु सेवा प्रवद्धकलाई भत्ता ४००० प्रति महिना सुरुको बर्ष मात्र | ०.२४ | दुग्ध उत्पादक साझेदार सहकारी संस्था |
| ६ | आहारामा (दाना )१० प्रतिशत छुट सहकारी मार्फत (२०० केजी प्रति कृषक रु ५ प्रतिकेजी १०० कृषकलाई) | १.०० | कार्यालय |
| ७ | भेटेरिनरी डाक्टर र प्रविधिकको सेवा र यातायात खर्च | १.०० | कार्यालय |
| ८ | प्राकृतिक गर्भाधान र कृत्रिम गर्भाधान सञ्चालन र सामुदायिक पशु प्रजनन केन्द्र स्थापना, तरल नाइट्रोजन कन्टेनर, रेफ्री , गन ईत्यादि | २.०० | |
| | जम्मा | १०.०० | |

## परिच्छेद-३

## विविध

**१६.** **लेखा तथा लेखापरीक्षण** : कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

**१७.** **निर्देशन दिन सक्नेः** यस मापदण्ड बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले कार्यालयलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

**१८.** **अन्य कानून लागू हुनेः** यस मापदण्डमा उल्लेख भएको कुरा यसै मापदण्ड बमोजिम र यस मापदण्डमा उल्लेख नभएको कुरामा सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली,२०७९ र प्रचलित कानून बमोजिम हुनेछ।

**१९.** **बाधा अड्काउ फुकाउने** : (१) यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय